स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'लक्का जवान'पछि पुनः सहकार्य गरेका अभिनेताद्वय दीलिप रायमाझी र सलोन बस्नेतले फिल्म 'रंगी'को छायांकन सकाएका छन्। छायांकन सुरु भएको २८औं दिनमा फिल्म'प्याकअप' भएको हो। एक महिनाको सेड्युल राखिएको भए पनि निर्धारित समयभन्दा ४ दिनअघि नै फिल्मको छायांकन पूरा भएको निर्देशक सुरेश न्यौपानेले बताए। बनेपामा अवस्थित चण्डेश्वरी मन्दिरमा फिल्मको एक गीत खिचिएको थियो ।

**आजको विचार...**



**समृद्धि...**
*(दुई पेजमा)*

**दुर्गाप्रसाद अर्याल**

टिकटकबाट उदाएर म्यूजिक भिडियोमा बलियो पकड बनाएकी गरिमा शर्मा पहिलोपटक फिल्ममा मुख्य अभिनेत्रीको रुपमा देखिने भएकी छन्। डेब्यु फिल्म 'लण्डन टू पेरिस' र दोस्रो फिल्म 'ह्रस्व दीर्घ'मा सहायक अभिनेत्री भएर काम गरेकी उनी नयाँ फिल्म 'जन्ते बाख्रो'मा मुख्य अभिनेत्री बन्न लागेकी हुन्। उनीसँग निर्माताले कागजी सम्झौता गरेका छन्। प्राप्त जानकारी अनुसार अडिसनबाट छनोट भएपछि गरिमालाई फिल्ममा अनुबन्धित गरिएको हो।



❐ वर्ष ३० ❐ अंक १२९ ❐ २०८१ मंसिर १७ गते सोमबार 2 December 2024, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### आँधीका कारण दक्षिण भारतमा तीनको मृत्यु

(रासस/एएफपी)

**बैङ्लोर,** मंसिर १६/भारतको दक्षिणी तटीय क्षेत्रमा आएको न्यूनस्तरीय चक्रवातजन्य दुर्घटनाका कारण कम्तीमा तीन जनाको मृत्यु भएको छ । आँधीबाट भौतिक संरचनामा व्यापक क्षति भने नभएको अधिकारीहरूले बताएका छन् । फेङ्गल नाम दिइएको चक्रवात शनिबार अबेर राति ७० देखि ८० किलोमिटर प्रतिघण्टा (४३-५० माइल प्रतिघण्टा) को गतिमा तमिलनाड राज्यको तटीय क्षेत्रमा अवतरण गरेको थियो ।

तमिलनाडुराज्यका विपद् व्यवस्थापन मन्त्री केकेएसएसआर रामचन्द्रनले शनिबार राति चेन्नईमा आएको आँधीका कारण तीन जनाको मृत्यु भएको र उनीहरूको करेन्ट लागेर मृत्यु भएको जानकारी दिए । तर आँधीबाट भएको अन्य क्षति भने 'न्यून' रहेको उनले बताए । 'द टाइम्स अफ इन्डिया'ले मृतकको सङ्ख्या चार रहेको उल्लेख गर्दै आँधीका कारण कतिपय क्षेत्रमा बाढी आएको र रुखहरू ढलेको तर अनुमान गरिएभन्दा कम क्षति भएको उल्लेख गरेको छ । उत्तरी एटलान्टिक महासागरमा आँधीबेहरी वा उत्तर-पश्चिमी प्रशान्त महासागरमा आँधीबेहरी र आँधीजन्य मौसमी विपत यस क्षेत्रका वस्तीहरूका लागि एक नियमित र घातक जोखिम हो ।

# शान्तिपूर्ण रुपमा सकियो स्थानीय तह उपनिर्वाचन

## मत परिणाम वेबसाइटमै हेर्न सकिने

हाम्रा संवाददाता

**पाल्पा,** मंसिर १६/स्थानीय तहको उपनिर्वाचनमा शान्तिपूर्ण रुपमा मतदान प्रक्रिया सकिएको छ । आइतबार बिहान ७ बजेबाट सुरु भएको मतदान साँझ ५ बजे सकिएको हो ।

निर्वाचन आयोगका अनुसार सबै मतदान केन्द्रमा मतदान शान्तिपूर्ण तरिकाले सम्पन्न भएको छ । उपनिर्वाचन भएका स्थानीय तह वा वडाको अन्तिम मतदाता नामवलीमा २ लाख २६ हजार ७ सय ९९ मतदाता रहेकोमा ६ बजेसम्मको प्राप्त विवरण अनुसार ६२ प्रतिशत मतदान भएको निर्वाचन आयोगका प्रवक्ता नीता पोखरेल अर्यालद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । २ सय ९३ मतदान केन्द्रबाट मतदाताले मत प्रकट गरेका थिए । आइतबार रातिबाट नै परिणाम आउन सुरु भएको आयोगले जनाएको छ । मतगणनाको अद्यावधिक परिणाम आयोगको बेवसाइट www.result.election.gov.np मा हेर्न सकिने छ । नगरपालिका प्रमुख एक, उपप्रमुख एक, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार र वडाध्यक्ष ३३ गरी ४१ पदका लागि उपनिर्वाचन भएको हो ।



**कहाँ कहाँ भयो निर्वाचन ?**

निर्वाचन आयोगका अनुसार काठमाडौँको कीर्तिपुर नगरपालिकाका प्रमुख, जाजरकोटको नलगाड नगरपालिकाका उपप्रमुख, मोरङ्गको ग्रामथान गाउँपालिका र दैलेखको महाबु गाउँपालिका अध्यक्ष, दोलखाको गौरीशङ्खर गाउँपालिका, हुम्लाको सर्केगाड गाउँपालिका र बाजुराको स्वामिकार्तिक खापर गाउँपालिकाका उपाध्यक्ष पदका लागि निर्वाचन भएको छ । यस्तै वडाध्यक्षतर्फ गुल्मीको मुसिकोट नगरपालिका वडा नं १, झापाको कन्काइ नगरपालिका वडा नं ६, ताप्लेजुङको सिरिजङ्गा गाउँपालिका वडा नं ३, तेह्रथुमको लालीगुराँस नगरपालिका वडा नं ८, सुनसरीको गढी गाउँपालिका वडा नं ६, ओखलढुङ्गाको मोलुङ गाउँपालिका वडा नं ५, उदयपुरको त्रियुगा नगरपालिका वडा नं १२ र बेलका नगरपालिका वडा नं ९, सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं १ र ४, धनुषाको धनुषाधाम नगरपालिका वडा नं १, महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नं २, रौतहटको ईशनाथ नगरपालिका वडा नं ७, राजपुर नगरपालिका वडा नं ६

...बाँकी अन्तिम पेजमा

## पर्खाल भत्किएर पाँच मजदुरको मृत्यु



**दाङ,** मंसिर १६/रोल्पामा निर्माणाधीन झोलुङ्गे पुलको पर्खाल भत्किँएर पुरिँदा पाँच जना मजदुरको मृत्यु भएको छ । लुम्बिनी प्रदेश प्रहरीका अनुसार आइतबार बिहान पुल निर्माणका लागि खाल्डो खन्ने क्रममा मजदुरलाई माथिबाट पर्खाल खसेर पुरेको हो ।

रोल्पाको सुनछहारी गाउँपालिका-३, गाममा मौलाबाङ र बाहिरी गाम जोड्न झोलुङ्गे पुलको काम भइरहेको छ । टेवा पर्खाल भत्किँदा सोही ठाउँका ४५ वर्षीय दुजमान परियार, ३१ वर्षीय ओम परियार, ४० वर्षीया सुवित्रा परियार, २७ वर्षीया आइती परियार र ६६ वर्षीय देवीराम परियारको मृत्यु भएको प्रदेश प्रमुख प्रहरी नायब महानिरिक्षक कुबेर कठायतले बताए । पुल निर्माणमा सात मजदुर खटिएका थिए । पर्खाल भत्केको देखेपछि दुई जना भाग्न सफल भएको प्रहरीले जनाएको छ । पुल बनाउने जिम्मेवारी लिएको ठेकेदार कम्पनी एल.बी.एन्ड पल्लभी जक्सन जेभी निर्माण सेवाअन्तर्गत ती मजदुर काममा खटिएका थिए । घटनाबारे अनुसन्धान गर्दै मृतकको बिमा गरिएको/नगरिएको बारेमा खोजी गरिएको प्रहरीले जनाएको छ । घटनाबारे अनुसन्धान गर्न र उद्धार गर्न गाम प्रहरी चौकीबाट प्रहरी सहायक निरीक्षक प्रकाश बिष्ट र सुलिचौरस्थित इलाका प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक अरुण तामाङको कमान्डमा प्रहरी टोली खटिगएको थियो । घटनास्थल रोल्पा सदरमुकाम लिवाङबाट करिब ४० किलोमिटर उत्तरपूर्वी भेगमा पर्छ ।

## पाल्पामा धान उत्पादन बढेपछि किसान उत्साहित

**रामपुर (पाल्पा),** मंसिर १६/जिल्लामा यस वर्ष धान उत्पादनमा वृद्धि भएपछि किसान उत्साहित छन् । गुणस्तरीय बीउ, उन्नत वा हाइब्रिड जातका धानको प्रयोग, अनुकूल मौसमलगायत कारणले धान उत्पादन बढेको हो ।

जिल्लास्थित कृषि ज्ञान केन्द्रका अनुसार यो वर्ष जिल्लामा ३६ हजार आठ सय मेट्रिक टन धान उत्पादन भएको छ । गत वर्ष यहाँ ३४ हजार सात सय ६२ मेट्रिक टन उत्पादन भएकामा यस वर्ष तीन दशमलव छ प्रतिशतले उत्पादन वृद्धि भएको केन्द्रका प्रमुख सन्तोष चौधरीले जानकारी दिए । गुणस्तरीय र उन्नत जातका बीउको प्रयोग, अनुकूल मौसम, मलको उपलब्धतालगायत कारण धान उत्पादन बढेको उनले बताए । 'केही स्थानामा धान पसाउने बेला रोग, कीराको समस्या देखिए पनि समग्र जिल्लाभर उत्पादन बढेको छ । किसानले उन्नत जातको बीउको प्रयोग गर्नु, यसवर्ष प्रयाप्त सिँचाइ, आधुनिक प्रविधिको प्रयोगलगायत कारणले उत्पादनमा वृद्धि आएको हो', प्रमुख चौधरीले भने । उनका अनुसार यस वर्ष जिल्लामा आठ हजार छ सय २० हेक्टर क्षेत्रफलमा धानखेती गरिएको छ । गतवर्ष आठ हजार दुई सय हेक्टर क्षेत्रमा खेती गरिएको थियो । गाउँ-



गाउँमा स्थानीय, प्रदेश तथा संघीय सरकारको सहयोगमा सिँचाइ आयोजना कार्यक्रम सञ्चालनमा आएपछि कुलो, नहर व्यवस्थित हुँदा धान लगाउने क्षेत्रफल बढ्न थालेको प्रमुख चौधरीले जानकारी दिए । सिँचाइको अभावले बाँझो रहेका जग्गामा पछिल्लो समय सिँचाइ सुविधा पुगेपछि बारी तथा बाँझिएका जमिनमा पनि किसानले धान लगाउने गरेका छन् । धानखेतीका लागि मौसम अनुकूल हुँदा उत्पादन वृद्धि भएको किसान सीता देवकोटाले बताइन् । 'रोपाइँ गरेदेखि वर्षा भइरहेकाले सिँचाइ गर्न सजिलो भयो, वर्षदिनभरि खाने अनाज राम्रो उत्पादन हुँदा खुसी लागेको छ । भकारीभरि धान भएपछि मन ढुक्क छ, कतै बीउको समस्याले पसाउने बेला रोगकीरा देखिए पनि अधिकांश किसानले यसवर्ष अघिल्ला वर्षमा भन्दा धेरै धान भित्र्याएका छन्', उनले भनिन् । जिल्लामा साबित्री, साँवामन्सुली, रामधान, हाइब्रिड, उन्नतलगायत जातका धान चलनचल्तीमा छन् । स्थानीय सरकारले अनुदानमा उन्नत जातका गुणस्तरीय बीउ उपलब्ध गराउन थालेपछि विगतका वर्षमा भन्दा पछिल्ला वर्षमा उत्पादन क्रमिक रूपमा बढ्दै गएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ ।*-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना

# सम्पादकीय

## दासत्व उन्मूलन दिवसको सार्थकता

आज संसारभरि अन्तर्राष्ट्रिय दासत्व उन्मूलन दिवस विभिन्न कार्यक्रम गरेर मनाइँदै छ । सन् १९४९ को डिसेम्बर २ अर्थात् आजको दिन संयुक्त राष्ट्रसंघको महासभाले व्यक्तिको आवागमन र अन्यको वेश्यावृत्ति शोषणको दमनसम्बन्धी महासन्धि पारित गरेको थियो । यौन शोषण, मानव बेचबिखन, बालश्रमको सबैभन्दा जघन्य रूप, जबरजस्ती विवाह र सशस्त्र द्वन्द्वमा प्रयोगका लागि बालबालिकालाई जबरजस्ती भर्ती गर्नेजस्ता आधुनिक दासत्व अन्त्य गर्न यो अन्तर्राष्ट्रिय दासता उन्मूलन दिवस मुखरित छ । विभिन्न क्षेत्रमा हुने गरेको शोषण अन्त्यका लागि सन्देश प्रवाह गर्न संयुक्त राष्ट्रसंघको आह्वानमा हरेक वर्ष डिसेम्वर २ का दिन यो दिवस मनाउने गरिन्छ । दिवस मनाउने गरिए पनि यसले खासै सार्थकता भने पाएको देखिंदैन ।

नेपालमा दास तथा दासता प्रथाहरुको अन्त्य भएपनि दासताको परिवर्तित स्वरुपले भने चुनौति दिइरहेको छ । नेपालमा श्री ३ चन्द्र शमसेर राणाले विसं १९८३ मा दास प्रथा उन्मुलनको घोषणा गरेका थिए । पुराना तरिकाका दास तथा दासताका प्रथा घटे पनि मानव तस्कर, अङ्ग तस्कर र जबरजस्ती यौन व्यवसायमा लगाइने गरेको पाइएको छ । २१ औं शताब्दीमा आइपुग्दा पनि मानिस एक अर्कोबाट दास बन्नु परेको छ । नेपालमा विगतका कानुनी मान्यता प्राप्त दासता अहिले पनि यो वा त्यो रुपमा लुकेर क्रियाशील भइरहेका मात्र छैनन् बरु आधुनिक दासताका नयाँ–नयाँ ढाँचा आइरहेका छन् । दासलाई नेपालमा कमैया, कम्हलरी, हली, हरवा, चरवाको रूपमा केही बर्षअघिसम्म सम्बोधन गरिन्थ्यो । सैद्धान्तिक रूपमा अहिले निर्मूल गरिएको निश्चितै छ । तर, व्यवहारिक रुपमा अहिलेसम्म कतिपय ठाउँमा कायमै छ । हो, नाम फेरिएको छ । व्यवहारमा केही नरमपना आएको होला । तर, प्रवृत्तिले फड्को मार्न सकिरहेको छैन । अथवा यो ब्यवहारिक रूपमा निर्मूल भएको छैन । शहरका होटेलहरूमा काम गर्ने मानिसलाई नाममात्रको ज्याला दिएर दिनमा पन्ध्र सोह्र घण्टा कडा काममा जोताइन्छ । त्यो पनि दासता लाधेको हो । खेत बारीमा, मेलापातमा बिहान उज्यालो हुँदाबाट साँझ आँखाले देखुञ्जेलसम्म काममा जोताइएको हुन्छ । उनीहरूप्रति गरिने ब्यवहार दासलाई गर्ने प्रकारले गरिएको हुन्छ । घरेलु कामदारलाई मालिकहरूले त्यसरी नै काम लधाएका हुन्छन् । कामदार भाग्ला भनेर उसको ज्याला रोकिएको हुन्छ । यी सबै दास मालिक युगबाट विरासमा आएका अवशेषहरू हुन् । तसर्थ यस्ता दासताका अवशेषहरूलाई निरुत्साहित नगर्दासम्म हरेक वर्ष दासता उन्मूलन दिवस मनाउनुको सार्थकता रहँदैन । त्यसै सरकार र सम्बन्धित निकायले त्यसतर्फ ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

जरूरी छैन सबैले तिम्रो महत्व बुझ्न
तराजुले केवल तौल नाप्छ, गुणस्तर होईन ।
(मनिषा आलेको फेसबुक स्टाटस https://www.facebook.com/jeevan.bhandari.35)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

## समृद्धि प्राप्तिको मुख्य आधार : उद्यमशिलता, रोजगारी र राष्ट्रियतामा सुधार



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

*जातीय र धार्मिक द्वन्द्वका कारण खराब अवस्थामा पुगेका रुवाण्डा,नाइजेरिया, सिरिया, सुडान हाम्रा सामु जल्नत उदाहरणका रुपमा रहेका छन् । हामीलाई खोजेको राष्ट्रियता हैन् भाषणको राष्ट्रियता हैन् देश विकास र विश्व बजारमा फरक पहिचान स्थापित गर्न सहयोग पुग्ने राष्ट्रियताको खाँचो छ ।*

प्रकृतिको उपहार विश्व सामु फरक पहिचान स्थापित गर्न सफल भौगोलिक विविधताले भरिपूर्ण देश हो नेपाल । अथाह स्रोत साधनले भरिपूर्ण, जनताको दैनिकी र जीवनस्तर सुधार गर्दै आर्थिक विकास र समृद्धिको आधार तय गर्न प्रसस्त सम्भावना बोकेको देश तर उपयुक्त योजना र नीतिको अभावमा राज्यको खर्च बालुवामा पानी हाले सरी भइरहेको देखिन्छ । प्राकृतिक स्रोत साधनले भरिपूर्ण हुँदा हुँदै माल पाएर चाल नपाएको अवस्थामा सुनको कचौरामा वैदेशिक सहयोग र अनुदान थाप्दै विकास र जनताको दैनिकी सुधारको सपना बाड्न तयार नेतृत्व वर्ग रहेको देश । यहि कारण दशकौ समय बेथित हुँदै, शासन व्यवस्था र सरकारहरु परिवर्तन हुँदै गर्दा आम जनताले भने असल शासन र असल प्रणालीको अनुभुती गर्न पाएको देखिदैन् । वैदेशिक ऋण र अनुदान कहिले सम्म लिने ?, कुन-कुन क्षेत्रमा लिने भन्ने नीति बनाउन नसक्दा सार्वजनिक ऋणको अंश बढ्दै जाने तर जनताले खर्च अनुसारको अनुभुति गर्न नसकेको कुरा यथार्थ हो । उल्लेखित पृष्ठभूमिमा आवश्यकता र औचित्य विना सस्तो राजनीतिक लोकप्रियताका लागि तय हुने योजनाको अन्त्य गर्दै देश र माटो सुहाउँदो बजेट,योजना र कार्यक्रम तय गर्न सकेमा दुई अकको आर्थिक वृद्धिसँगै समृद्धि प्राप्ति हाम्रो देशका लागि धेरै टाढा देखिदैन् ।

जनताको दैनिकीमा सुधार गर्दै मुहारमा खुसी र हाँसो प्राप्तिको क्षण नै समृद्धि हो । राजतन्त्रमा राजा महेन्द्रदेखि जनताको शासन व्यवस्था गणतन्त्रसम्म आइपुग्दा राजनीतिक नेतृत्वले आर्थिक वृद्धि ,विकास र समृद्धिलाई मुख्य लक्ष्य र उद्देश्य बनाएता पनि वास्तवमा यो अवस्थाको अनुभुति गर्न जनताले पाएको देखिदैन् । जनताको शासन व्यवस्था मानिने गणतन्त्रका करीव दुई दशक अवधि बेथित हुँदै गर्दा जनतामा सकरात्मक आशा उत्पन्न गराउन नसक्नुले शासन व्यवस्था परिवर्तन हुँदैमा देश विकास र जनताको दैनिकी सुधार हुँदो रहेन्छ भन्ने कुरालाई यसले देखाउँदछ । समृद्धि प्राप्तिमा चुनौतीहरु रहेता पनि यसको आधार र सम्भावना भने उत्तिकै रहेको देखिन्छ । समानुपातिक बजेट वितरणमार्फत दुर्गम र ग्रामीण जनतालाई प्राथमिकतामा राखी उनीहरुको दैनिकीमा सुधार नहुँदासम्म समृद्धि प्राप्तिको आधार तय हुन सक्दैन् । देशमा स्थिरता, राजनीतिक नेतृत्वमा दृढ इच्छा शक्ति, जनतामा इमान्दारिता र लगनशिलता भएमा पक्कै जनताको जीवनस्तरमा सुधार गर्दै मुहारमा हाँसो र देशमा समृद्धि पक्कै प्राप्त गर्न सकिने देखिन्छ । यसो भएमा अबको दशकमा हामीले कल्पना गरेको देश निर्माण हुने देखिन्छ । यहाँ यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**समृद्धि प्राप्तिका मुख्य आधारहरु** : विश्वमै जलस्रोतमा दोस्रो धनी देश, आर्थिक दृष्टिकोणले ४२ हजार मेगावाट विद्युत उत्पादन गरी विश्व बजारमा निर्यात गरि धजस्तम्भ मयाभिच कमाउने, दैनिक औषतमा २००० को संख्यामा विदेशीयका सक्रिय जनशक्तिलाई रोकि देश विकासमा लगाउन सकिने, भौगोलिक विविधता भित्र विश्वलाई चिनाउने सगरमाथा, गौतम बुद्धको जन्मस्थल, उञ्जाउयुक्त समथर भुमि,पर्यटकलाई आकर्षण गर्न सकिने धार्मिक,साँस्कृतिक,जातियता ,भाषिक, सामाजिक विविधता साथमा ऐतिहासीक कलाकृती आदि केहि पक्ष आर्थिक समृद्धि प्राप्त गरी हामीले कल्पना गरेको आगामी दशकमा विश्वकै सुन्दर र शान्त, सुखी र खुशी नागरिक बस्ने देश बनाउने आधारहरु सयौं रहेको कुरामा दुईमत नरहला । सयौं आधार मध्ये यहाँ प्रमुख तीन आधार राष्ट्रियता,रोजगारी र उद्यमशिलतालाई प्राथमिकतामा राखी दश वर्ष भित्र हामीले परिकल्पना गरेको विकसित देशको आधार तय गर्ने प्रयास गरिएको छ ।

**उद्यमशिलता** : आर्थिक विकास हुँदै आर्थिक समृद्धि प्राप्तिको सबै भन्दा भरपर्दो उपाय उद्यमशिलता हो । उद्यमशिलताले देश भित्र औद्योगिकरणको वातावरण तयार गर्दछ । यसले अन्तर्राष्ट्रिय व्यापार अनुकुलको बनाई विदेशी मुद्रा देश भित्र ल्याउन सहयोग गर्दछ । विकसित मानिएका देशहरुको उच्च आर्थिक वृद्धिको आधार तय पनि यसैले गर्दछ । उद्यमशिलताको वातावरण तयार गर्नका लागि लगानीकर्ता प्रोत्साहनका लागि लगानीमैत्री ऐन नियम ,सरकारी प्रक्रिया सरल, अनुकुल कर र व्यापार नीति सरकारले बनाउन जरुरी देखिन्छ । यसका साथै निम्न प्रक्रिया अबलम्बन गरेमा अबको दशकमा सुखी र खुशी नेपाली बस्ने देश बनाउन सहयोग पुग्ने देखिन्छ ।

-उद्यमशिलता अनुकुल वतावरण राज्यले तयार गर्नुपर्ने ।
-बजारीकरणको ग्यारेन्टी गर्नु पर्ने ।
-उद्यमशिलता सम्न्धी तालिमको व्यवस्था गर्नुपर्ने ।
-योजना र प्याकेजको घोषणा गर्नुपर्ने ।
-ज्ञान, सीप र आवश्यक पुँजीको सहज व्यवस्था गर्ने ।
-स्थानीय परम्परागत घरेलु उद्योगलाई प्रोत्साहन गर्नुपर्ने ।
-सिर्जनशिलता र नवप्रवर्तनमा जोड दिनुपर्ने ।
-जोखिम बहन गर्ने क्षमताको विकास गर्नुपर्ने ।
-शिक्षालाई उद्यमशिलतासँग जोड्नु पर्ने ।
-राजनीतिक स्थिरता सहितको व्यवसायिक वातावरण तयार पार्नुपर्ने ।

**रोजगारी** : रोजगारी एक जल्दोबल्दो बहस र छलफलको विषय बनेको छ । सडकदेखि सदनसम्म रोजगारी सिर्जना र बेरोजगारी अन्त्यको चर्को बहस सुनिन्छ तर ठोस योजनाको अभावमा बर्षेनी हजारौंको संख्यामा युवा तथा सक्रिय जनशक्ति वैदेशिक रोजगारीमा जाने प्रवृत्ति बढ्दै गएको देखिन्छ । देश भित्र सक्रिय जनशक्तिको अभाव हुँदै जानुको मुख्य कारणको रुपमा पनि यसैलाई नै लिन सकिन्छ । अबको दशक भित्र आर्थिक समृद्धि सहितको देश निर्माणका लागि अनिवार्य शर्तको रुपमा देश भित्रै रोजगारीको खोजी गर्नु आवश्यक देखिन्छ । यसका लागि निम्न पक्षमा ध्यान दिनु पर्ने देखिन्छ ।

-शिक्षालाई सिप र रोजगारीसँग जोड्नु पर्ने ।
-लगानी मैत्री बातावरणको सिर्जना गर्नु पर्ने ।
-जीवन उपयोगी शिक्षा प्रणाली लागु गर्नु पर्ने ।
-स्रोत साधन परिचालनको ठोस नीति बनाउनु पर्ने ।
-वैदेशिक रोजगारीलाई व्यवस्थित गर्नु पर्ने ।
-सीपयुक्त र दक्ष श्रमिक वैदेशिक रोजगारीमा पठाउने योजना बनाउनु पर्ने ।
-राजनीतिक स्थिरतासँगै देशमै केहि गर्न सकिन्छ भन्ने बातावरण तयार गर्नु पर्ने ।
-औद्योगिकरणमा जोड दिनु पर्ने ।
-बन्द भएका उद्योगहरुलाई सञ्चालनमा ल्याउनु पर्ने ।
-सीप तथा तालिममा जोड दिनु पर्ने ।
-कृषि व्यवसायीकरणमा जोड दिनु पर्ने ।
-सरकारी नीति ,योजना तथा कार्यक्रमलाई रोजगारी सिर्जनासँग जोड्नु पर्ने ।
-व्यवसायिक र प्राविधिक शिक्षामा जोड दिनु पर्ने ।

**राष्ट्रियता** : राष्ट्रियता विनाको राष्ट्रको कुनै अर्थ रहँदैन् । राष्ट्रियता जनतामा स्व:स्फुर्त उत्पन्न हुने भावनात्मक कुरा हो । जनता र राज्य सञ्चालक नेतृत्वकर्ता दुवैमा यो भावनाको विकास भएमा देश विकासको स्थायी आधार तय हुने देखिन्छ । तर पछिल्लो समय केहि राजनीतिक दल र तीनका नेतृत्वले आफ्नो व्यक्तिगत स्वार्थ परिपूर्ति र राजनीति लाभका लागि जातीयता, क्षेत्रीयता र धार्मिक विषयमा विवादास्पद विचार र भाषण दिने, जातजातीबिच बेमेल निम्त्याउने कार्य गर्दा बर्षौंदेखि धार्मिक सहिष्णुता, जातीय एकता र क्षेत्रीय सम्बन्धको अनुपम नमुना प्रस्तुत गरेका नागरिकबिच दरार उत्पन्न गराउने प्रयास गरिरहेको देखिन्छ । विभिन्न नाममा हुने विभिन्न किसिमका द्वन्द्वहरु हामीले कल्पना र निर्माण गर्न चाहेको नेपालको लागि सबै भन्दा घातक पक्ष भएकाले यसबाट जोगिनु र सचेतना जगाउनु अनिवार्य रहेको देखिन्छ । जातीय र धार्मिक द्वन्द्वका कारण खराब अवस्थामा पुगेका रुवाण्डा,नाइजेरिया, सिरिया, सुडान हाम्रा सामु जल्नत उदाहरणका रुपमा रहेका छन् । हामीलाई खोजेको राष्ट्रियता हैन् ,भाषणको राष्ट्रियता हैन् देश विकास र विश्व बजारमा फरक पहिचान स्थापित गर्न सहयोग पुग्ने राष्ट्रियताको खाँचो छ । चर्को नारामा हैन् व्यवहारमा, देखावटी हैन् मन र मस्तिष्कमा देशको माया भएको राष्ट्रियता चाहिएको छ । यसो भएमा हामीले कल्पना गरेको समृद्ध देश दश वर्ष भित्र निर्माण गर्न सकिने देखिन्छ । यसका लागि के गर्ने त ?

-राजनीतिक नेतृत्वले आफ्नो राजनीतिक दल भन्दा माथि देश राख्नु पर्ने ।
-हरेक निर्णय र कार्य राष्ट्रहित अनुकुल हुनुपर्ने ।
-परराष्ट्र नीति स्थिर हुनुपर्ने ।
-नेपाल भारतबीचको सिमाना व्यवस्थित र सुरक्षित हुनुपर्ने ।
-राष्ट्रहितको पक्षमा अन्तर्राष्ट्रिय उपस्थितिमा आवाज बलियो बनाउनु पर्ने ।
-पाठयक्रममा राष्ट्रियता र नैतिकता सम्बन्धी विषय समावेश गरिनुपर्ने ।
-राष्ट्रियताका लागि राजनीतिक दलहरुबिच एकता कायम हुनुपर्ने ।
-क्षेत्रीयता, जातियता र धार्मिक सहिष्णुता खलबल गराउने तत्वलाई कारवाहिको दायरामा ल्याउनु पर्ने ।
-पञ्चशिलता र असंलग्न परराष्ट्र नीतिको पालनमा जोड दिनुपर्ने ।
-राष्ट्रिय एकताको अनुपम नमुना प्रस्तुत गर्नुपर्ने ।

**निष्कर्ष** : राष्ट्रियता, उद्यमशिलता र रोजगारी एक अर्काका परिपुरक जस्तै हुन् । राष्ट्रियता विना नागरिकमा उद्यमशिलताको भावना विकास गर्न सकिदैन् भने उद्यमशिलता विना देश भित्रै रोजगारीका अवसर सिर्जना गर्न सकिदैन् । रोजगारीको सिर्जना विना युवा जनशक्तिको देश छोड्ने दरमा नियन्त्रण गर्न सकिदैन् । यि तीनै पक्षलाई एक अर्काको परिपुरक बनाई योजनावद्ध कार्यक्रम तय गर्न सकेमा आगामी दशक भित्र हामीले कल्पना गरेको समृद्ध नेपालको निर्माण गर्न सकिने देखिन्छ ।

*(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)*

### महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ |

| | |
|---|---|
| रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल ११५७०२१२४६ |
| **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : रमाइलो यात्रा रहनेछ । चिताएको कामले तीव्रता लिनेछ । | **तुला** : धार्मिक काममा रुचि बढ्नेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । |
| **वृष** : शुभारम्भको चर्चा चल्ने र विभिन्न अवसर आउनाले मन प्रसन्न रहनेछ । | **वृश्चिक** : समस्यामा अल्झिनु पर्नेछ, तर आफन्तबाट साथ र हौसला मिल्नेछ । |
| **मिथुन** : पारिवारिक सद्भाव बढ्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । | **धनु** : आफन्तबाट सहयोग मिल्नेछ । सामाजिक काममा सफलता पनि पाइनेछ। |
| **कर्कट** : प्रगतिले मन रमाउनेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ । | **मकर** : मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । कार्यक्षेत्रमा प्रगति हुनेछ । |
| **सिंह** : नयाँ कार्यको योजना बन्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइएला । | **कुम्भ** : दिन मध्यम खालको छ । काममा बिघ्नबाधा आउन सक्ने देखिन्छ। |
| **कन्या** : विद्या र बुद्धिको विकास हुनेछ। कार्य सम्पादनमा सहजता मिल्नेछ । | **मीन** : सामान हराउने भय छ । आफैंलाई सन्तुष्टि नमिल्ने देखिन्छ । |

शिक्षा

# चिकित्सकको भत्ता बढाउन किन कञ्जुस्याइँ ?

हामीले 'स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल संघर्ष समिति' ले उठाइरहेका मागका सन्दर्भमा विभिन्न देशको उदाहरण दिँदै सर्वसाधारण समेतले बुझ्ने गरी यो एक्सप्लेनर तयार पारेका हौं ।



**आवासीय चिकित्सक भनेका को हुन् ?**

नेपालमा आवासीय चिकित्सक भन्नाले एमडी/एमएस/डिएम/एमसिएच र एनएमबिएस कार्यक्रमअन्तर्गत शिक्षण अस्पतालमा काम गरिरहेका चिकित्सक भन्ने बुझिन्छ । नेपालका शिक्षण अस्पतालमा लगभग पाँच हजार आवासीय चिकित्सक कार्यरत छन्। यो स्वास्थ्य सेवामा काम गरिरहेका चिकित्सकको सबभन्दा ठूलो समूह हो । आवासीय चिकित्सकका रूपमा अध्ययन गर्न लिइने परीक्षाका लागि योग्य हुन पाँचवर्षे एमबिबिएस सकेर एक वर्षको अनिवार्य इन्टर्नसिप पूरा गर्नुपर्छ । त्यसपछि नेपाल मेडिकल काउन्सिल (एनएमसी) को परीक्षा पास गरेर कम्तिमा एक वर्ष काम गरेको अनुभव हुनुपर्छ ।

त्यसैले सबै आवासीय चिकित्सक नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका र स्वतन्त्र काम गर्न सक्ने दक्ष चिकित्सक हुन् । विश्वका प्राय: देशमा आवासीय चिकित्सक भनेका विद्यार्थी नभएर पूर्णकालीन चिकित्सक हुन् भन्ने स्पष्ट कानुनी प्रावधान छ । भारतमा पनि सन् २०२३ को पोष्ट ग्रायजुएट मेडिकल शिक्षा नियमावलीमा यो प्रस्ट उल्लेख छ । नेपालका आवासीय चिकित्सक पनि पूर्णकालीन हुन् । निर्वाह भत्ताका सवालमा मात्र उनीहरूलाई विद्यार्थीको दर्जा दिइन्छ ।

**आवासीय चिकित्सकले के गर्छन ? चिकित्साशास्त्रमा स्नातकोत्तर अध्ययन कस्तो हुन्छ ?**

चिकित्साशास्त्रमा स्नातकोत्तर भनेको कक्षाकोठामा बसेर पढिने होइन । विद्यार्थीले पूर्णकालीन चिकित्सकका रूपमा कति कुरा निगरानीमा र कति स्वतन्त्र रूपमा बिरामीको उपचार गर्दै सिक्छन् । चौबीसै घन्टा अस्पतालमा बस्ने र काम गर्ने हुनाले नै उनीहरूलाई आवासीय चिकित्सक भनिएको हो। नेपाली आवासीय चिकित्सकले आकस्मिक र ओपिडीमा बिरामी जाच्ने, भर्ना गर्ने, भर्ना भएका बिरामी उपचार गर्ने, शल्यक्रिया गर्ने लगायत चिकित्सकले गर्ने सम्पूर्ण काम गर्छन् । आवासीय चिकित्सक नहुने हो भने नेपालका प्राय: शिक्षण अस्पतालले काम गर्न नसक्ने हुन्छन् । नेपालमा आवासीय चिकित्सकहरू साताको ८० देखि १२६ घन्टासम्म काममा खटिन्छन् । कति कलेजमा आवासीय चिकित्सकले महिनाको १५ पटकसम्म लगातार ३६ घन्टे ड्युटी गर्छन् ।

**आवासीय चिकित्सकको निर्वाह भत्ता कति छ ?**

नेपालमा आवासीय चिकित्सकको निर्वाह भत्ता संस्थाअनुसार फरक छ । सरकारी मेडिकल कलेजमा एमडी/एमस/एमडिएस गर्ने चिकित्सकले वार्षिक रूपमा १३ महिनाको आठौं तहको मेडिकल अधिकृत बराबर भत्ता लिने गरेका छन् । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सबभन्दा धेरै महिनाको ६० हजार दिने गरिएको छ। डिएम/एमसिएचमा नवौं तह बराबर छ । सरकारी कलेजमा अध्ययन गर्न कुनै शुल्क लाग्दैन । तर दुई वर्ष सरकारी सेवा गर्नुपर्ने हुन्छ । नेपालका प्रालि अस्पतालले सञ्चालन गरेको एनबिएमएस कार्यक्रममा पनि एमडी/एमस/एमडिएस समानान्तर कार्यक्रममा विशेषज्ञ चिकित्सकलाई आठौं तहको मेडिकल अधिकृत बराबर भत्ता दिने गरिएको छ र उप-विशेषज्ञका लागि नवौं तह बराबर छ । यो कोर्स गर्न प्रालि कलेजलाई जस्तो शुल्क बुझाउनुपर्दैन र सरकारीजस्तो अनिवार्य दुई वर्षे सरकारी सेवा पनि गर्नुपर्ने व्यवस्था छैन । निजी मेडिकल कलेजमा भने एमडी/एमएस/एमडिएस चिकित्सकलाई औसत २० हजार रूपैयाँ निर्वाह भत्ता दिने गरिएको छ । यो कोर्स अध्ययन गर्न प्रालि कलेजलाई २३ लाख रूपैयाँ शुल्क पनि बुझाउनुपर्छ ।

**आवासीय चिकित्सकको निर्वाह भत्ता किन बढाउने ?**

आवासीय चिकित्सक पूर्णकालीन रूपमा लगातार १२० घन्टासम्म काम गर्छन् । प्रतिघन्टाको हिसाब गर्ने हो भने यो श्रम मन्त्रालयले तोकेको न्यूनतम पारिश्रमिकभन्दा कम हो । एक पूर्ण दक्ष चिकित्सकलाई नेपालको कानुनले तोकेको न्यूनतम तलब पनि दिन नसक्नु अन्यायको पराकाष्ठा हो । नेपालका आवासीय चिकित्सकको औसत उमेर एमडी/एमएस प्रवेश गर्दा ३० वर्ष हुन्छ । चिकित्सक भएर परिवार पाल्नुपर्ने समयमा निजी कलेजमा शुल्क बुझाएर दासजस्तो अत्यन्तै कम पारिश्रमिकमा काम गर्नुपर्दा नेपाली चिकित्सक बिदेसिने क्रम बढेको छ । विदेशमा पिजी नि:शुल्क पढाउने मात्र होइन, नेपालभन्दा निकै धेरै पारिश्रमिक पनि पाइन्छ । एमबिबिएस अध्ययन गर्दा ५० लाख लिने मेडिकल कलेजले त्यही चिकित्सकलाई औसत ४ वर्ष अनुभव लिएर त्यही मेडिकल कलेजमा साताको ८० घन्टाभन्दा धेरै काम गर्दा पनि २० हजार रूपैयाँ मात्र निर्वाह भत्ता दिनु न्यायोचित देखिँदैन । पिजी अध्यापन गराउन प्रालि मेडिकल कलेजले एमबिबिएसभन्दा थप नयाँ पूर्वाधार र जनशक्ति पनि थप्नुपर्ने होइन । ५० लाख शुल्क तिरेर अध्ययन गराउने संस्थाले उक्त डिग्री भएका व्यक्तिलाई लगाउन पाउनेभन्दा दोब्बर समय काम लिएर दिन सक्ने पैसा यति हुनु अन्यायपूर्ण छ । आवासीय चिकित्सकले प्रालि मेडिकल कलेजमा गरेको कामबापत् बिरामीसँग पूर्ण शुल्क लिने गरिन्छ । अस्पतालका लागि बिरामी उपचार गरेर सबभन्दा धेरै आर्थिक स्रोत आवासीय चिकित्सकले नै जुटाउने गर्छन् । सरकारी र प्रालिमा आवासीय चिकित्सकले गर्ने काम कोर्सअनुसार एकै हो । एकै काम गर्दा फरक फरक निर्वाह भत्ता न्यायोचित देखिँदैन । आवासीय चिकित्सकलाई अन्यायपूर्ण शुल्क र कम निर्वाह भत्ता दिएर सजिलै आम्दानी गर्न सकिने भएकाले नै मेडिकल कलेजहरूले आफ्नो आर्थिक स्रोत बढाउन धेरै बिरामीको उपचार, उच्चतम अनुसन्धान, अनुदानको खोजी, स्वास्थ्य प्रणाली विकास लगायत काम नगरी बसेका छन् ।


**विदेशको व्यवस्था :** विश्वका प्राय: देशमा आवासीय चिकित्सकको काम र अध्ययन गर्न शुल्क तिर्नुपर्दैन । यसलाई कामकै रूपमा लिइन्छ । नेपालका केही प्रालि मेडिकल कलेज र भारतका केही प्रालि मेडिकल कलेजमा मात्र काम लगाएर चिकित्सकसँग उल्टै पैसा लिने गरिन्छ ।

**सरकारी सरह बनाउने आधार :** २०८१ असोज १३ गते नेपाल सरकार र स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल संघर्ष समितिबीच निर्वाह भत्ता न्यूनतम सरकारी सरह गर्ने सहमति भएको थियो। उक्त सहमतिपछि स्वास्थ्य मन्त्रालयका १२ तहका सचिव डा. टंक बाराकोटीको संयोजकत्वमा स्वास्थ्य, शिक्षा, अर्थ, कानुन, श्रम मन्त्रालय, चिकित्सक संघ, मेडिकल काउन्सिल, चिकित्सा शिक्षा आयोग र संघर्ष समितिले महिनौं अध्ययन गरेर आयोगलाई निर्वाह भत्तामा एकरूपता कायम गर्ने निर्देशन दिएको हो ।

निर्वाह भत्ता बढाउने मुख्य आधार यही हो । नेपालको एनबिएमएस कार्यविधिमा विशेषज्ञता र उप-विशेषज्ञता तालिममा ८ र ९ तह सरकारी तलब स्केल बराबर निर्वाह भत्ता हुनुपर्ने प्रस्ट लेखिएको छ । समानान्तर कार्यक्रममा निजी संस्थामा निर्वाह भत्ताको एकरूपता हुनुपर्छ । नेपालका बिएन्डबी, मेडिसिटी जस्ता अस्पतालले एनबिएमएसका आवासीय चिकित्सकलाई कुनै शुल्क नलिई पढाइरहेका छन् र सरकारी सरह निर्वाह भत्ता पनि दिइरहेका छन् । पाकिस्तानको रोयल कलेज अफ सर्जन एन्ड फिजिसिएनको नेपालको एमडी/एमएस समानान्तर कार्यक्रम एफसिपिएस सञ्चालन गर्ने नेपाली अस्पतालहरूले पनि न्यायोचित निर्वाह भत्ता दिन्छन् । प्रालि मेडिकल कलेजले यति निर्वाह भत्ता पनि नदिनु पैसाको लोभ मात्र हो । भारतमा पिजिएमइआर २०२३ मा सरकारी र निजी संस्थामा निर्वाह भत्ता एउटै हुनुपर्ने प्रस्ट व्यवस्था छ । *-सेतोपाटी डटकम*

# सफल विद्यार्थी कसरी बन्ने ?

श्रीकृष्ण सुलु



भनिन्छ, राम्रो पढ्नेहरू नै राम्रो नेता बन्छन् । राम्रो सिक्नेहरू नै राम्रो कमाउने हुन्छन् । सिकाउन कहिले नथाक्ने शिक्षक र सिक्न जहिले नै उत्सुक विद्यार्थीले नै देशको मुहार फेर्छन् । युरोप-अमेरिका लगायत विकसित देशको प्रगतिले यो यथार्थ प्रस्ट पार्छ, तर हामीकहाँ स्थिति यस्तो छैन । नेपालमा विद्यार्थीमा अध्ययनप्रतिको रुचि घट्दो छ । स्कुल-कलेज सबैतिर नतिजा खस्कँदो छ, ध्यानमा विचलन वा भड्काउ बढ्दो छ, यो अत्यन्तै दु:खद कुरा हो । देश विकासका लागि र सफल विद्यार्थी निर्माणका लागि विद्यार्थीको यो अरुचि र भड्काउपन हटाउनैपर्छ । त्यसका निम्ति यसका कारण र निराकरणबारे प्रस्ट हुनुपर्छ ।

**मन भड्काउने तत्व :** एकपटक एक सिद्धहस्त मूर्तिकारलाई सोधियो, तपाईं कसरी यति अद्भुत सुन्दर मूर्ति बनाउनुहुन्छ ? उनले भने, 'म केही गर्दिनँ, मात्र राम्रो मूर्ति बन्नका लागि अनावश्यक भागहरू खोपेर यी ढुंगाबाट हटाउँछु ।' सफल विद्यार्थी बन्न पनि मनलाई भड्काउने तत्त्वहरू हटाउनुपर्छ । फेसबुक, टिकटक, रेडिट, स्न्यापचाट जस्ता सामाजिक सञ्जालह मोबाइल गेमह इन्टरनेटका माध्यमबाट खराब चिज हेर्ने, लागुऔषध सेवन आदिले विद्यार्थीको मन भड्काउने तत्त्वबाट मुक्त हुन सके भने मात्र पनि विद्यार्थी जीवन सफल हुन्छ । अनावश्यक चिजमा धेरै समय दिइयो भने आवश्यक चिजका लागि समय अपुग हुन्छ ।

**समयको सदुपयोग :** भनिन्छ एक गेडी त हो नि भनेर अन्न खेर फाल्नेले धन कमाउन सक्दैन, एक क्षण त हो नि भनेर समय खेर फाल्नेले विद्या कमाउन सक्दैन । विद्यार्थीले यो भावनाका साथ काम गर्न सकेन भने अर्थात् एक क्षण मात्र हो नि भनेर समय खेर फाल्ने बानी बसाल्यो भने सफल हुन सक्दैन । विद्यार्थीले सबै काम सकाएर घरमा दिनमा ५-६ घन्टा फ्री समय पाउँछ । यो समय कसरी प्रयोग गर्छ भन्नेमै भर पर्छ सफलता । यो समय पनि सामाजिक सञ्जाल लगायतमा बितायो भने असफल भइन्छ, पढाइमा बितायो भने सफल भइन्छ । समय खेर फाल्ने, दुरुपयोग गर्ने काम गर्दै गयो भने त्यही अनुसारको लत बस्दै जान्छ । समय सदुपयोग गर्ने अभ्यास गर्दै गयो भने त्यही अनुसारको बानी र रुचि बस्दै जान्छ । पूर्वतिर जाने मान्छे पश्चिमतिर लागेर हुँदैन । जेमा सफल हुनुछ, त्यसमै लाग्नुपर्छ ।

**सुख रोज्नु :** आजकलका विद्यार्थी धेरै सोखिन छन्, धेरै सुख-सुविधा भोग्न खोज्छन्ह खेलकुद, मनोरञ्जनमा बढी ध्यान दिन्छन् । वास्तवमा सुखार्थी मानिस विद्यार्थी हुन सक्दैन र विद्यार्थी सुखार्थी हुनु हुँदैन । विद्यार्थी जीवन भनेकै मेहनत र संघर्ष गर्ने बेला हो । भनिन्छ, कुकुरको जस्तो निद्रा, बकुल्लाको जस्तो ध्यान, कागको जस्तो प्रयत्न, थोरै खानु, घर छाड्नु, विद्यार्थीका पाँच लक्षण हुन् । संघर्षको सुख नै सर्वश्रेष्ठ सुख हो भन्ने भनाइलाई विद्यार्थीले मन्त्रका रूपमा लिनुपर्छ । विद्यार्थी जीवनमा जति दु:खकष्ट, संघर्ष गऱ्यो, पछि त्यति नै सुख हुने हो, मिठो फल प्राप्त हुने हो । राम्रो पढे राम्रो अंक आउँछ । राम्रो अंक ल्याए, राम्रो काम र अवसर पाइन्छ ।

**लेखेर पढ्ने :** किताब हेर्दा आउँछ जस्तो लाग्ने तर त्यही कुरा परीक्षामा लेख्न गाह्रो हुन्छ । लेखेर पढ्ने बानी नहुँदा यस्तो समस्या आउन सक्छ । बुझ्नु ठुलो कुरा हो भने बुझाइलाई पुस्तिकामा उतार्नु झन् ठुलो कुरा हो । लेखेर पढ्यो भने मात्र बुझाइलाई उत्तर पुस्तिकामा उतार्न सजिलो हुन्छ । त्यसैले लेखेर पढ्नुपर्छ । लेखेर पढ्दा स्मरण शक्ति, शुद्धता र आत्मबल बढ्छ । हिसाबजस्तो विषयमा त लेखेरै अभ्यास गर्नुपर्छ । विज्ञान आदिमा चित्र र तथ्यांकसहित पढ्नुपर्छ ।

**निरन्तरता :** झरनाले कडा चट्टानलाई पनि खियाउँछ, कारण झरना भनेकै निरन्तर झरिरहनु हो । नियमित पढ्ने औसत विद्यार्थीले पनि प्रतिभावान् विद्यार्थीलाई उछिन्न सक्छ । त्यसैले विद्यार्थीले नियमित पढ्ने बानी बसाल्नुपर्छ । नियमित पढ्ने भन्नाले कक्षामा नियमित बस्ने र अनुशासित बन्ने भन्ने पनि पर्छ । सफलता भनेको प्रतिभा र मिहिनेतको योगफल हो । भनाइ नै छ, प्रतिभावान्ले कडा परिश्रम गर्दैन भने कडा परिश्रम गर्नेले प्रतिभावान् भनिएकालाई पनि हराउँछ । दुई-चार दिन अनिदो बसेर पढ्नुभन्दा निरन्तर केही समय पढ्नु श्रेष्ठकर हुन्छ ।

**किताब मुख्य स्रोत :** प्रविधिको जति विकास भए पनि ज्ञानको मुख्य स्रोत किताब नै हो । अहिले कतिलाई प्रविधिको विकासले गर्दा किताब पढ्नुपर्दैन, सबै इन्टरनेटमा छ, त्यहीँबाट बुझ्न सकिन्छ भन्ने लाग्छ, तर कुरा त्यस्तो होइन । हुन त इन्टरनेटमा पनि कतिपय पुस्तक हुन्छन्, त्यसका भएका कुरा नपढी बुझिँदैन । कतिले अडियो बुक सुनेको पनि देखिन्छ । सामान्यत: सुनेरभन्दा पढेरै बढी बुझिन्छ । किताबमा जति सही र गहिरो ज्ञान अरु स्रोतबाट प्राप्त हुँदैन । भ्लगर, युट्युबर, टिकटिकर वा सामाजिक सञ्जालबाट पनि केही सिक्न नसकिने होइन तर ती भरपर्दा स्रोत होइनन् । यद्यपि यीबाट पनि मूल पुस्तकका बारेमा थाहा पाउन सकिन्छ । यस्तै पत्रपत्रिका वा अनलाइन पोर्टलबारेमा पनि केही चर्चा त हुन्छन्, समग्र विषय बुझ्न पुस्तक नै पढ्नुपर्छ ।

**सूचना प्रविधिको सदुपयोग :** सूचना प्रविधिको दुरुपयोगले विद्यार्थीलाई बहकाउँछ भने सदुपयोगले सघाउँछ । सूचना प्रविधिको सदुपयोगले अध्ययन-अनुसन्धानमा महत्त्वपूर्ण सहयोग लिन सकिन्छ । इन्टरनेटमार्फत आफ्नो रुचि अनुसारको अध्ययन सामग्री, अनुसन्धान पत्र, दस्तावेज प्राप्त गर्न सकिन्छ, अध्ययन-अनुसन्धान गर्न सकिन्छ । सूचना प्रविधिको सदुपयोग गर्नु या गर्न जान्नु ज्ञानको नयाँ आँखा हुनुजत्तिकै भइसकेको छ । प्रविधिको विकासले सानो चिप्समा पनि धेरै चिज अटाउने भएको छ । अध्ययन स्रोतका लागि अचेल लाखौं फोटो, दस्तावेज र भिडिओहरू संकलन गरेर राख्न विज्ञान-प्रविधिले सघाएको छ । अर्कोतिर, प्रविधिको विकाससँगै सूचना-सञ्चारमा आएको बाढीले कुन सही र कुन गलत छुट्ट्याउन गाह्रो छ । एकातिर जीवन उपयोगीभन्दा क्षणिक मनोरञ्जनका लागि प्रविधिको प्रयोग हुँदा चेतनालाई उत्तेजनाले जितेको छ भने अर्कोतिर धुँवादार गलत प्रचारले गर्दा युवा पुस्ता प्रचारबाजीको सिकार बनेको छ । ग्राह्मसको नियम अनुसार, बजारमा खोटो सिक्काले असल सिक्कालाई विस्थापित गरेको छ । किन पढ्नुपऱ्यो र कलेज छाडेका पनि सफल भएका छन्, अर्बपति भएका छन् भन्ने जस्ता प्रचारले कलेज छाड्नेलाई प्रश्रय मिलेको छ, तर ती कलेज छाडेका अर्बपतिले हप्ताको कतिवटा पुस्तक पढ्छन् र कति मेहनत गर्छन् भन्ने प्रचार भएको छैन । विदेश गएपछि स्वर्ग नै पुगेजस्तो, विदेशको भन्नेबित्तिकै जुनै शिक्षा पनि स्तरीय शिक्षाजस्तो प्रचार भएको छ । यो ठुलो सांस्कृतिक आक्रमण हो । वास्तवमा हामी कतिपय विदेश गएर पनि सस्तो मजदुर बन्नुपर्छ । विदेशमा काम गरेर पढ्नुपर्ने र नेपालको भन्दा कम क्रेडिट आवरको पढाइ हुने भएबाट त्यो पढाइ राम्रो होइन भन्ने प्रमाणित हुन्छ । सफल विद्यार्थी बन्नका लागि झुटा प्रचारबबाट बच्न आवश्यक छ ।

**कखरा नसिकी कविता :** अहिले कति मानिसलाई स्कुल-कलेज किन पढ्नुपऱ्यो र इन्स्टिच्युटतिर केही सीप सिके भइहाल्यो नि भन्ने छ । शिक्षालाई श्रमसँग जोड्नुपर्ने एउटा पक्ष त छ तर कखरा नसिकी कविता लेख्न सकिँदैन । लेखे पनि धेरै त्रुटि हुन्छ । आधारभूत कुरा सबै जान्नैपर्छ । सुमधुर गीत निकाल्न शास्त्रीय संगीत सिक्नुपर्छ भनेजस्तै ज्ञान-विज्ञान बुझ्न शास्त्रीय अध्ययन चाहिन्छ । अहिले केही विशेष घटना या अपवादलाई देखाएर त्यसलाई नियम मान्ने वा नियमझैँ गरी व्याख्या गर्नेहरू धेरै छन् । कुनै चिजलाई घटनाका आधारमा होइन, शास्त्रीय ज्ञानका आधारमा विश्लेषण गर्नुपर्छ । अनि मात्र वैज्ञानिक विश्लेषण हुन्छ र सही निचोडमा पुग्न सकिन्छ ।

**भाग्य र मेहनत :** आजकल पढे-लेखेको भए पनि कतिपय मानिस असफल भएपछि भाग्यलाई दोष दिन पुग्छन् । परीक्षामा असफल भए वा कतै प्रवेश परीक्षामा नाम निस्केन भने भाग्यमै रहेनछ भन्छन् । वास्तवमा भाग्यमा नभएको होइन, मेहनत नपुगेको हो । सफलता भनेको मेहनत र प्रतिभाको योगफल हो, त्यो नपुगेको हो । गाडी चलाउन नसिकी ट्रायल पास भइँदैन, यसमा भाग्यले काम दिँदैन, मेहनत चाहिन्छ । भाग्य नै सबथोक हुने भए बाटो काट्दा जेब्राक्रसमा किन दायाँ-बायाँ हेर्नुपऱ्यो र भन्ने स्टेफन हकिन्सको भनाइ नै छ । अर्को कुरा, भाग्यमा विश्वास गर्नाले मान्छेलाई अल्छी बनाउँछ भने मेहनतमा विश्वास गर्नाले मान्छेलाई मेहनती बनाउँछ ।

**धारणा :** घोकेरभन्दा बुझेर पढ्नुपर्छ । धारणा स्पष्ट गरी पढ्नु र कण्ठ गर्नुमा गुणात्मक रूपमा धेरै फरक हुन्छ । किताब पढ्नु र सामाजिक सञ्जाल या इन्टरनेट हेर्नुमा यही फरक छ । दुई र दुई जोड्दा चार हुन्छ भन्ने जान्ने तर कसरी हुन्छ भनेर नजान्नेलाई १ प्लस ३ कति हुन्छ ? १ प्लस १ प्लस १ प्लस १ प्लस बराबर कति हुन्छ भन्ने थाहा हुन्न । घोकेर पढ्नेले वास्तविक जीवनको समस्या हल गर्न सक्दैन । त्यसैले बुझेर पढ्नुपर्छ ।

**परिश्रम, परिश्रम, परिश्रम**

विश्वका धेरै विद्वान्ले जति ज्ञान प्राप्त गरे, ती सबैले विद्यार्थीकालको अध्ययनले सघाएको बताउँछन् । त्यसैले विद्यार्थीकालको मेहनत अति नै महत्त्वपूर्ण हुन्छ । मेहनतको विकल्प पनि छैन । नवआगन्तुक विद्यार्थीलाई बिस्मार्कले भनेका थिए, नवआगन्तुकलाई मेरा तीन शब्द– परिश्रम, परिश्रम, परिश्रम ।' *-रातोपाटी डटकम*

# आज प्रधानमन्त्री ओली चीन जाँदै



**पाल्पा,** मंसिर १६/प्रधानमन्त्री केपी शर्मा ओली जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणका लागि आज बिहान बेइजिङ प्रस्थान गर्न लागेका छन् । चीनका प्रधानमन्त्री ली छ्याङको मैत्रीपूर्ण निमन्त्रणामा उनी यही मंसिर १७ देखि २० गतेसम्म चीनको औपचारिक भ्रमण गर्न लागेका हुन् ।

भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले चीनका राष्ट्रपति सी जिनपिङसँग बेइजिङमा भेटवार्ता गर्ने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । यसैगरी उनले आफ्ना चिनियाँ समकक्षी लीसँग भेटवार्ता गरी द्विपक्षीय हितका विविध विषयमा विचार आदानप्रदान गर्ने छन् । प्रधानमन्त्री ओलीसँग चीनको राष्ट्रिय जनकांग्रेसका स्थायी समिति अध्यक्ष झाओ लेजीको समेत भेट हुने तालिका रहेको छ । यस्तै प्रधानमन्त्री ओली नेतृत्वको नेपाली प्रतिनिधिमण्डलमा परराष्ट्रमन्त्री डा आरजु राणा देउवा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा युवराज खतिवडा, सांसदहरू, विशिष्ट श्रेणीका सरकारी अधिकारी, निजी क्षेत्रका प्रतिनिधि, सञ्चारकर्मी रहेका छन् ।

# आज विश्व दासता उन्मूलन दिवस




**पाल्पा,** मंसिर १६/आज संसारभरि अन्तर्राष्ट्रिय दासत्व उन्मूलन दिवस विभिन्न कार्यक्रम गरेर मनाइँदै छ । दिवसका अवरमा नेपालमा पनि विभिन्न कार्यक्रम गरिदैछ ।

विभिन्न क्षेत्रमा हुने गरेको शोषण अन्त्यका लागि सन्देश प्रवाह गर्न संयूक्त राष्ट्रसंघको आह्वानमा सन् १९४९ देखि हरेक वर्ष डिसेम्वर २ का दिन यो दिवस मनाउने गरिन्छ । नेपालमा दास तथा दासता प्रथाहरुको अन्त्य भएपनि दासताको परिवर्तित स्वरुपले विश्वमा चुनौतिपुर्ण बनिरहेको छ । नेपालमा श्री ३ चन्द्र शमसेर राणाले विसं १९८३ मा दास प्रथा उन्मुलनको घोषणा गरेका थिए । विश्वमा झण्डै २१ करोड महिला, पुरुष र बालबालिका दासताको शिकार भएको तथ्यांक छ । नेपालमा आन्तरिक तथा बाह्य बेचबिखन जस्ता आधुनिक दासत्व पनि बढ्दै गएको यस क्षेत्रमा काम गर्नेहरुले बताएका छन् । यस्तै पुराना तरिकाका दास तथा दासताका प्रथा घटे पनि मानव तस्कर, अङ्ग तस्कर र जबरजस्ती यौन व्यवसायमा लगाइने गरेको पाइएको छ । विभिन्न अन्तर्राष्ट्रिय अध्ययन प्रतिवेदन र संस्थागत प्रतिवेदनका अनुसार नेपालमा करिब एक प्रतिशत मानिस आधुनिक दासत्वको पीडा भोगिरहेका छन् । यसले प्रत्यक्ष रूपमा ७० हजार परिवारलाई मर्कामा परेका छन् । अझै पनि सार्वजनिक यातायात, चमेना गृह, खाजा पसल, इँटा भट्टा, घरेलु र प्याकेजिङ क्षेत्रको काममा बालश्रमिकमाथि ज्यादतीपूर्ण घटना भइरहेका छन् ।

## मत परिणाम...

...र गढीमाई नगरपालिका वडा नं ८, काठमाडौँको कीर्तिपुर नगरपालिका वडा नं १ र ४, काठमाडौँ महानगरपालिका वडा नं १६, नुवाकोटको ककनी गाउँपालिका वडा नं २, मकवानपुरको हेटौँडा नगरपालिका वडा नं १२, गोरखाको गोरखा नगरपालिका वडा नं ५, रोल्पाको रुन्टीगढी गाउँपालिका वडा नं ४, बर्दियाको ठाकुरबाबा नगरपालिका वडा नं ४, कपिलवस्तु शुद्धोदन गाउँपालिका वडा नं १, दैलेखको दुल्लु नगरपालिका वडा नं १३, कालिकोटको तिलागुफा नगरपालिका वडा नं ४, जाजरकोट कुशे गाउँपालिका वडा नं ७, डोल्पाको त्रिपुरा सुन्दरी नगरपालिका वडा नं ५, रुकुम (पश्चिम) सानीभेरी गाउँपालिका वडा नं ५, बझाङको सुर्मा गाउँपालिका वडा नं ४, डोटीको पूर्वीचौकी गाउँपालिका वडा नं ६, दार्चुलाको दुहुँ गाउँपालिका वडा नं ५ र कञ्चनपुरको भीमदत्त नगरपालिका वडा नं ६ मा निर्वाचन भएको छ । निर्वाचनमा तीन सय ७६ उम्मेदवार प्रतिस्पर्धामा छन् । यसअघि जिल्ला समन्वय समिति ओलखढुङ्गा र कैलालीका प्रमुखमा क्रमश: नेपाली कांग्रेसका उम्मेदवार टेकराज भट्टराई र टीकाकुमारी चौधरी (भूल) तथा रुकुम (पूर्वी भाग) पुगा उत्तरगङ्गा गाउँपालिका वडा नं २ मा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का जगत घर्ती निर्विरोध निर्वाचित भइसकेका छन् । उपनिर्वाचनका लागि मङ्सिर २ गते उम्मेदवारी दर्ता भएको थियो ।

## खेलकुद समाचार

### नेपाल लगातार दोस्रो खेलमा पराजित



**काठमाडौं,** मंसिर १६/१९ वर्षमुनिको पुरुष एशिया कप क्रिकेटमा नेपाल लगातार दोस्रो खेलमा पराजित भएको छ । यूएईमा चलिरहेको प्रतियोगितामा नेपाल आज बङ्गलादेशसँग ५ विकेटले पराजित भएको हो । नेपालले दिएको १ सय ४२ रनको लक्ष्य बङ्गलादेशले २८ ओभर ४ बलमा ५ विकेट गुमाएर भेटायो । बङ्गलादेशका जवाद अब्रारले ५९, कप्तान अजिजुल हकिमले नटआउट ५२ रन बनाउ । नेपालका युवराज खत्रीले ४ र कप्तान हेमन्त धामीले १ विकेट लिए । यसअघि दुबईमा टस हारेर ब्याटिङको निम्तो पाएको नेपाल ४५ ओभर ४ बलमा १ सय ४१ रनमा अलआउट भयो । नेपालका ओपनर ब्याटर आकाश त्रिपाठीले सबैभन्दा धेरै ४३ रन बनाए । यस्तै अभिषेक तिवारीले २९, उत्तम मगरले २९ रन बनाए । बङ्गलादेशका अल फहाद, इकबाल होसेन इमोन र रिजान होसनले २/२ विकेट लिए । नेपाल पहिलो खेलमा श्रीलङ्कासँग ५५ रनले पराजित भएको थियो । नेपालले समूह चरणको तेस्रो तथा अन्तिम खेलमा मङ्सिर १८ गते अफगानिस्तानसँग खेल्नेछ । १९ वर्षमुनिको एशिया कप क्रिकेटको समूह 'ए' मा भारत, पाकिस्तान, जापान र यूएई छन् । समूह 'बी' मा नेपाल, श्रीलङ्का, बङ्गलादेश र अफगानिस्तान छन् । समूहका शीर्ष दुई टोली सेमिफाइनलमा पुग्नेछन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

### साताको पहिलो दिन नै घट्यो नेप्से



**पाल्पा,** मंसिर १६/यो साता कारोबारको पहिलो दिन नै नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक घटेको छ । आइतबार नौ दशमलव ९९ अङ्कले घटेको हो ।

नेप्से घटेसँगै दुई हजार सात सय ३८ दशमलव शून्य छ को बिन्दुमा कायम भएको छ । सोही दिन तीन सय १४ कम्पनीको एक करोड ६७ लाख ६७ हजार एक सय ६८ कित्ता शेयर ८२ हजार छ सय दुईपटक खरिदबिक्री हुँदा आठ अर्ब ८३ करोड २२ लाख २५ हजार आठ सय ९२ बराबरको कारोबार भएको छ । व्यापार समूह नौ दशमलव शून्य सात, विकास बैंक समूह चार दशमलव ५२ र होटल तथा पर्यटन समूह शून्य दशमलव ३० प्रतिशतले बढेका छन् भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा बढी वित्त समूह दुई दशमलव ९६ प्रतिशतले घटेको छ । बैंकिङ एक दशमलव ४७, जलविद्युत् एक दशमलव १४, लगानी एक दशमलव १५, जीवन बिमा एक दशमलव ३५, उत्पादन तथा प्रशोधन शून्य दशमलव ५७, लघुवित्त शून्य दशमलव ९२, म्युचुअल फण्ड शून्य दशमलव २३, निर्जीवन बिमा शून्य दशमलव शून्य एक र अन्य समूह एक दशमलव ३५ प्रतिशतले घटेको छ । पाँचवटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । विशाल बजार कम्पनी लिमिटेड, कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड, सिन्धु विकास बैंक लिमिटेड, ग्रिन डेभलपमेन्ट बैंक लिमिटेड र सप्तकोसी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो । जानकी फाइनान्स कम्पनी लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा सबैभन्दा बढी एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडको ३४ करोड ३१ लाख ४९ हजार सात सय १७ बराबरको कारोबार भएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई